**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. ४९२

पुनरावेदन नं. ०७५-RB-०१०३

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६३/०६४) ।**

| | |
|---|---|
| जिल्ला ललितपुर ल.पु.म.न.पा. वडा नं. २ स्थित हिमाल रेफ्रिजिरेशन एण्ड इलेक्ट्रिकल इण्डष्ट्री प्रा.लि. (स्थायी लेखा नं. ३०००५४४२४) को तर्फबाट अधिकार प्राप्त विरेन्द्र कुमार चौधरी.........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ.................................... १<br>श्री आन्तरिक राजस्व विभाग, प्रशासकिय पुनरावलोकन शाखा, लाजिम्पाट...........१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाट, काठमाडौ

शुरु निर्णय गर्ने अधिकारीः निर्देशक श्री विष्णुप्रसाद नेपाल

शुरु कर्यालयको निर्णय मितिः–२०६५/०२/०२

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७५।०३।०५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री राजेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः विद्वान उप-न्यायाधीवक्ता श्री तारासिंह धामी

:विद्वान सहायक न्यायधिवक्ता श्री संगिता थोकर

**<u>अवलम्वित नजीरः ×</u>**

पुनरावेदक कम्पनीका हकमा आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाट, काठमाडौबाट मिति २०६५/०२/०२ को अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट शुरूको निर्णयलाई नै सदर गर्ने गरी भएको मिति २०७५।०३।०५ को निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको प्रस्तुत पुनरावेदन पत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. रेफ्रिजिरेशन र विक्री तथा मर्मत सम्वन्धी कारोवार गर्ने श्री हिमाल रेफ्रिजिरेशन एण्ड इलेक्ट्रीकल ईण्डष्ट्रिज प्रा. लि. को अनुसन्धानात्मक कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर थप दस्तुर, व्याज र जरिवाना समेत जम्मा रू.१२,५२,९०९।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाट, काठमाडौबाट मिति २०६४।१२।२४ मा जारी भएको आदेश।

२. आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाट, काठमाडौबाट मिति २०६४।१२।२४ मा जारी भएको आदेशको सूचना करदाताले मिति २०६५।०१।०९ मा नै बुझिलिई उक्त कर निर्धारण आदेशको सम्बन्धमा मिति २०६५।०१।२४ मा लिखित जवाफ पेश गरेको।

३. करदाताको तर्फबाट पेश भएको लिखित जवाफलाई पुष्टि हुने कुनै ठोस तथा आधारभूत प्रमाण पेश नभएको देखिंदा प्रारम्भिक कर निर्धारण अनुसारको रू.१२,५२,९०९/- र उक्त आदेशको मिति भन्दा पछिको लागि नियमानुसार लाग्ने ब्याज, थप दस्तुर समेतको मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(३) वमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी मिति २०६५।०२।०२ मा जारी भएको निर्णय पर्चा।

४. आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाटले मिति २०६५/०२/०२ मा जारी गरेको आ.व. २०६३/०६४ को कारोबारमा रू. १३,९५,३२०।- मूल्य अभिबृद्धि

निर्धारण भएकोमा सो उपर चित्त नबुझी निवेदकले २०६५।०५।०५ मा आन्तरिक राजस्व विभाग समक्ष पेश गरेको प्रशासकीय पुनरावलोकनको निवेदन ।

५. करदाताले मूल्य अभिवृद्धि कर निर्धारण उपर चित्त नबुझाई प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिँदा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१ को (६) बमोजिम अविवादित कर पुरै तथा विवादित करको एक तिहाईले हुने रकम दाखिला गर्नुपर्नेमा प्रस्तुत करदाताले बैंक जमानीका आधारमा निवेदन दिएको पाइएकोले सो निवेदन उपर कुनै विचार गरीरहनु नपर्ने भै उक्त निवेदन खारेज हुने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०६५/०९/२३ मा भएको निर्णय।

६. विपक्षी कार्यालयबाट मूल्य अभिबृद्धि कर सहितको कर निर्धारण गर्ने निर्णय र आन्तरिक राजस्व विभागबाट माग भएको कर र जरिवाना समेतको हकमा शुरुको निर्णय सदर कायम रहने तथा प्रशासकीय पुनरावोलोकन निवेदन खारेज हुने ठहर गरी निर्णय समेत बदर गरीपाउँ भन्ने करदाताको तर्फबाट यस न्यायाधिकरणमा दायर भएको पुनरावेदन पत्र।

७. बैंक जमानी नलाग्ने भए शुरुमा नै रकम माग गर्नु पर्नेमा शुरुमा माग नगरिएको रहेछ भने निवेदन दिने करदातालाई जानकारी गराई निश्चित अवधि तोकी सो अवधि भित्र कानून बमोजिम धरौटी राख्न लगाई निर्णय गर्नु पर्नेमा सो सम्बन्धमा करदातालाई कुनै जानकारी सम्म पनि नगराई निवेदन खारेज गर्ने गरी गरिएको निर्णय कानूनसंगत भन्न मिल्दैन। पुनरावेदन लिदा नै प्रक्रिया पुरा गरी नलिनएको तथा आन्तरिक राजस्व विभागले गरेको गल्तीको परिणामको भागिदार करदातालाई बनाउन नमिल्ने हुँदा आन्तरिक राजस्व विभागको मिति २०६५।२।२ को निर्णय मिलेको नदेखिंदा बदर हुने ठहर्छ अब पुनःनिर्णय गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणको मिति २०७०।३।२७ को फैसला।

८. निवेदकको हकमा निवेदकले कारोबार परिसरमा रहेको लेजरमा विक्रीको हिसाब राखेको तर मूल्य अभिवृद्धि कर हिसाबमा सबै विक्री उल्लेख नगरेको अवस्थामा तथा स्वयंले दावी गरे बमोजिम यी ग्राहकहरूबाट यति रकम अग्रिम रूपमा लिएको र यी यी विलहरूबाट उक्त ग्राहकहरूलाई विजक जारी गरी मौज्दात विक्री गरेको भनी स्पष्ट आधार, प्रमाण र कागजातहरू पेश गर्न नसकेको अवस्थामा बीजक जारी नगरी सामान बिक्री गरेको देखिने भएकोले विभागको अनुसन्धान शाखाबाट भएको कर निर्धारण मिलेकै देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०३।०५ मा भएको निर्णय ।

९. प्रत्यर्थी शुरु कार्यालयले कर निर्धारण आदेशमा आफुसँग सम्वन्धित नरहेको कतै कुनै व्यहोरावाट प्रयोग नगरेको तथाकथित वागमती रेफ्रिजेशन नामक तथा कथित (फर्मका) भनी व्यवसायको कपोलकल्पित भ्रामक अंक रु.३२,८२,५६६/- देखाई गरेको आदेश न्याय संगत छैन । हिमाल रेफ्रिजेशनको कारोवार तर्फ लेजर र विक्री विवरणमा फरक देखाई रु.१८,७८,३८३/- हाम्रो लेजरको फरक रहेको भनी लिएको जिकिर तर्क संगत न्यायपुर्ण छैन। विपक्षीद्वारा प्रस्तुत आ.व २०६३।०६४ को कारोवारको लागि प्रारम्भिक कर निर्धारण गर्नु पूर्व पुनरावेदक कम्पनी सँग कुनै पनि जानकारी समेत नलिई नमागी एक्कासी मिति २०६४।१२।२४ को प्रारम्भिक कर निर्धारण आदेश तथा सो लाई नै आधार मानि मिति २०६५।२।२ को आदेश ऐनको दफा १७,१९,२०,२०(१), (२) प्रतिकुल गैर कानूनी अन्याय पुर्ण रहेकोले वदरभागी छ । मिति २०६५/२/२ को आदेश र मिति २०६५।०९।२३ मा विपक्षिको खारेजी आदेश कानून संगत नभएकोले पुनः निर्णय गर्न मिति २०७०।०३।२७ मा राजश्व न्यायाधिकरणले खारेज गरी गरको आदेश उपरको पुनरावलोकन निवेदन उपर आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णु प्रसाद नेपालले प्रशासकीय पुनरावलोकन गर्न खडा गरेको मिति २०७५/३।०५ निर्णय पर्चा न्याय सँगत नरहेकोले उक्त निर्णय लाई वदर गरी गैर कानूनी कर र जरिवाना व्याज, थप दस्तुर समेतको दायित्वबाट मुक्त गरी न्याय इन्साफ पाँउ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०३ मा भएको आदेश ।

## ठहर खण्ड

११. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी आन्तरिक राजस्व विभागबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता हिमाल रेफ्रिजिरेशन एण्ड इलेक्ट्रिकल इण्डष्ट्री प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री राजेश्वर श्रेष्ठ र श्री नारायण नेपालले आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाटबाट भएको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गरेको विभागको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री

तारा सिंह धामी र विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखा, लाजिम्पाटबाट भएको शुरु निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा उक्त निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिलसंलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व विभाग लाजिम्पाटबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ/छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न नसक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा पुनरावेदक करदाताले आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखाबाट मिति २०६५।०२।०२३ मा भएको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०३।०५ मा भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रस्तुत मुद्दाको शुरु अन्तिम कर निर्धारण आदेश आन्तरिक राजस्व विभागको अनुसन्धान शाखाको निर्देशकको रुपमा कार्यरत विष्णु प्रसाद नेपालबाट भएको देखिन्छ भने उक्त आदेश उपर करदाताको तर्फबाट परेको प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय समेत आन्तरिक राजस्व विभागको महानिर्देशकको हैसियतमा निजै विष्णु प्रसाद नेपालले मिति २०७५।०३।०५ मा गरेको देखिन आयो।

१४. यसरी मिति २०६५।०२।२ मा आन्तरिक राजश्व विभाग अनुसन्धान शाखा,काठमाडौंका निर्देशक र मिति २०७५।०३।०५ मा आन्तरिक राजस्व विभागका महानिर्देशकको हैसियतले श्री बिष्णुप्रसाद नेपालले प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने गरी यी करदाताको आ.व. २०६३/०६४ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा दुई तहको निर्णय गरी आफैले गरेको निर्णय उपर प्रशासकीय पुनरावलोकनको निवेदनमा आफैले पुन: निर्णय गरेको पाईयो।

१५. आफूले हेरेको मुद्दामा आफै न्यायाधीश हुन नहुने भन्ने प्राकृतिक न्यायको सिद्धान्तको मूल मर्म हो। न्यायिक निर्णय गर्न पाउने कुनैपनि  अधिकारप्राप्त अधिकारीको काम कारवाही सबै परिस्थितिमा स्वच्छ र निष्पक्ष किसिमले भएको छ भन्ने अनुभूति गर्नको निमित्त नै प्राकृतिक न्यायको सिद्धान्त (Principle of natural justice) को विकास भएको हो।

प्राकृतिक न्यायको सिद्धान्त मुख्यतया विवाद निरूपण गर्ने अख्तियारप्राप्त अधिकारी प्रवृत्त भावनाबाट स्वतन्त्र हुनुपर्दछ )Nemo Judex in re sua: i.e. the authority deciding the matters should be free from bias) भन्ने नै हो। प्राकृतिक न्यायको आत्मा भनेको अधिकारप्राप्त अधिकारीको काम कारवाहीमा स्वच्छता कायम गर्नु, न्यायका निम्ति अन्याय हुनुबाट रोक्नु हो। मुलुकी अपराध संहिता, २०७४ को दफा १० मा "***कुनै व्यक्ति समक्ष अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाईबाट वञ्चित हुने छैन"*** भन्ने कानूनी प्रावधान रहेको देखिन्छ भने मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २७१ को उपदफा (१) मा "न्यायाधीशले देहायको मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न हुदैन" भन्ने व्यवस्था गर्दै खण्ड (ग) मा "निजले न्यायाधीशको हैसियतमा कुनै अदालतमा निर्णय गरेको वा अन्तिम आदेश गरेको मुद्दा" हेर्न नमिल्ने भन्ने कानुनी व्यवस्था रहेको पाईन्छ ।कानूनको उचित प्रक्रिया (Due process of law) र प्राकृतिक न्यायको सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिन्छ। कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्नेगरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारवाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ भन्ने न्यायिक मान्यता रही आएको छ। यी पुनरावेदक करदाताको आ.व. २०६३/०६४ को मूल्य अभिबृद्धि कर तर्फ दुई तहकै निर्णय एउटै व्यक्तिबाट भएको देखिंदा स्वच्छता र प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको आन्तरिक राजस्व विभागको मिति २०७५।०३।०५ को निर्णय न्यायको रोहमा कायम रहन नसकी बदर हुने देखिएकोले पुन: निर्णय को लागि प्रस्तुत मुद्दा आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पठाउनु पर्ने हुन आयो। पुन: निर्णयको लागि पठाउने निर्णय भएकोले पुनरावेदक करदाताले पुनरावेदनपत्रमा उठाएका अन्य प्रश्न तर्फ प्रवेश गरिरहनु परेन ।

१६. तसर्थः माथि विवेचित आधार र कारणबाट करदाता हिमाल रेफ्रिजिरेशन एण्ड इलेक्ट्रीकल इण्डष्ट्रिज प्रा.लि.(स्थायी लेखा नम्बर ३०००५४४२४) को आन्तरिक राजस्व विभागका निर्देशक विष्णुप्रसाद नेपालले कर अवधि २०६३/०६४ को मूल्य अभिवृद्धिकर तर्फको अन्तिम कर निर्धारण गरी मिति २०६५।२।२ मा निर्णय गरेकोमा उक्त निर्णय उपर करदाताको तर्फबाट परेको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागका महानिर्देशकको हैसियतले निजै विष्णु प्रसाद नेपालले मिति २०७५।३।५ मा निर्णय गरेको देखिंदा आफैले गरेको शुरु निर्णय उपरको पुनरावलोकनको निवेदनमा निर्णय गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुनाको साथै मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा २७१ प्रतिकुल देखिंदा मिति २०७५।३।५ को निर्णय वदर गरिदिएको छ। अव यो फैसला सहित मिसिल प्राप्त भएको मितिले ३५ दिन

भित्र पुनःनिर्णय गर्नु भनी फाइल अन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पठाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्राकृतिक न्यायको सिद्धान्त समेतको प्रतिकुल देखिएको आधारमा आन्तरिक राजस्व विभागका महानिर्देकबाट मिति २०७५।०३।०५ मा भएको निर्णय वदर हुने र पुनः निर्णयको लागि पठाउने ठहरी फैसला भएको हुदा यो फैसला सहित मिसिल प्राप्त भएको मितिले ३५ दिन भित्र पुनःनिर्णय गर्नु भनी अन्तरिक राजस्व विभागका महानिर्देशकलाई लेखि पठाउनू ।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

**फैसला तयारीमा सहयोग गर्नुहुनेः-**

शाखा अधिकृतः प्रेमा कुमारी मण्डल

कम्प्यूटर अपरेटरः प्रदिप तिवारी

ईति सम्वत् २०८० साल असार १० गते रोज १ शुभम् ---------------------------------।

फैसला प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्नेः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप